# पाख्रीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
१ नं.प्रदेश नेपाल

प.सं.:-२०७७/०७८
च.नं.:-२६८४

मिति:२०७८/०३/०८

**विषय: विद्यार्थी भर्ना तथा शैक्षिक सत्र एवम् सिकाइ निरन्तरता सम्बन्धमा ।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
पाखीबास, धनकुटा ।

प्रस्तुत विषयमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५२६ मिति २०७८/०३/०७ को पत्रअनुसार नेपाल सरकारले तय गरेको जनस्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्ड र आदेशको अधिनमा रही शैक्षिक सत्र २०७८ लाई निरन्तरता दिने निर्देशन प्राप्त भएको हुँदा तपसीलबमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसील

१.शैक्षिक सत्र २०७८ मा माथिल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुको लागि असार १ देखि असार ३१ गतेसम्म भर्नाको अभिलेख कायम गर्ने, विद्यालयले सम्भव भएसम्म आफ्नो सेवा क्षेत्रभित्र टेलिफोन वा अनलाइन माध्यमबाट अभिभावकहरुलाई सम्पर्क गरी विद्यार्थी भर्ना अभियन सञ्चालन गर्ने ।

२.श्रावण १५ गते भित्र EMIS अद्यावधिक गरी सोको प्रमाणित हार्डकपि यस कार्यालयमा उपलब्ध गराउने ।

३.कुनै विद्यार्थी अन्य विद्यालयमा जान चाहिमा विद्यालयले स्थानान्तरण प्रमाणपत्र विद्यालयबाट उपलब्ध गराउने ।

४.नेपाल सरकार,प्रदेश सरकार र यस कार्यालयले तय गरेको जनस्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्ड र आदेशको अधिनमा रही शैक्षिक सत्र २०७८ का लागि सबै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने ।

५.शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको सिकाइ सहजिकरण निर्देशिका, २०७७ अनुसार सिकाइलाई निरन्तरता दिने ।

नोट : २०७८ असार ३१ भित्रमा शिक्षक का.स.मू. फारम भरी यस कार्यालयमा पठाउन अनुरोध छ ।

०७८/३/८

डिकबहादुर राई
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

प्रमुख प्रशासकीय अधिकृत